GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION



# अभूतपूर्व समयमा उत्थानशिलताको निर्माण

सन् २०२० मा ठूलो चुनौतीहरुको सामना गर्दै विश्वभरका महिलाहरुले उत्थानशिलताको सामुदायिक प्रणालीलाई बलियो र सुदृढ बनाउंदै आफ्नो समुदाय र पृथ्वीको जीवनलाई कायम राखेका छन्। गागा र हाम्रा साझेदार संस्थाहरुका लागि कोभिड-१९ महामारीले एउटा अप्रत्याशित अवस्था निम्त्यायो जसले गर्दा प्राथमिकता र योजनाहरुको तत्काल समीक्षा र समायोजन आवश्यक हुन गयो । गागाका साझेदारहरुले अनगिन्ती अवरोधहरु पार गर्दै सञ्चार गर्ने नयाँ तरिकाहरु विकास गरे, सम्बन्ध र एकता निर्माण गरे र संगठित हुने कार्य लाई निरन्तरता दिए ।




फोटो : RENAMAT

**सन् २०२० मा गागा : प्रमुख तथ्याङ्कहरु**

**४२६** महिलाको नेतृत्वका समुदयामाआधारित संस्थाहरुलाई गागले सहयोग गर्यो

**७८%** ले २२ लाख यूरो बराबरको अनुदान प्राप्त गरे

**२१%** ले एकल रुपमा गैरवित्तीय सहयोग प्राप्त गरे

## डिजिटल स्पेसहरुमा संगठित हुने कार्य

गागाका साझेदारहरुले **डिजिटल उपकरणहरुको सुरक्षित र प्रभावकारी प्रयोग सुनिश्चित गर्न र महिला नेतृत्वमा रहेका स्थानीय तहका समूहहरुको डिजिटल स्पेसहरुमा सहभागिता** सुनिश्चित गर्न मद्दत गरे। रणनीतिहरुमा मोबाइल फोनका लागि डाटा प्याकेजहरु खरिद; इन्टरनेटको सुबिधा भएको नजिकको शहर वा गाउँसम्म सुरक्षित यात्राको व्यवस्था ; कम्प्युटर सीप सुदृढीकरण; र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भर्चुअल स्पेसहरुमा कसरी भाग लिने भन्ने बारे तालिमहरु प्रदान गर्ने समावेश छन् ।

**इन्टरनेशनल एनालग फोरेस्ट्री नेटवर्क**ले बोलिभिया, कोस्टारिका, निकारागुआ र एल साल्भाडोरमा एनालग फरेस्ट्री महिला प्रवर्द्धकहरुको लागि डिजिटल स्पेसको स्थापना गर्यो। व्हाट्सएप र सिग्नल जस्ता सन्देश पठाउने एप्सहरुमार्फत उपलब्ध गराइएको अडियो सन्देश र भिडियोहरुमार्फत उनीहरुले एनालग फोरेस्ट्री, महिलाहरुद्वारा पुनारुत्पादक प्लटहरुको डिजाइन र कार्यान्वयन, र ग्रामीण समुदायहरु र विशेषगरी महिलाहरुसम्म पुग्ने विधिहरु बारे प्राविधिक जानकारी उपलब्ध गराए । डिजिटल स्पेसले महिला प्रवर्द्धकहरुबीच विश्वास र पारस्परिक सहयोगको घेरा बनाईदिएको छ । फ्रिडा अर्थात् युवा महिला कोषले डिजिटल हेरचाह र सुरक्षामा सामग्री श्रृंखला जारी गरेको छ जसमा आधारभूत इन्टरनेट पूर्वाधार, सुरक्षित मेसेजिङ एपहरु, र उपकरणहरु प्रयोग गर्दा डिजिटल हेरचाह जस्ता विषयहरुलाई समेटिएको छ । युवा नारीवादी जलवायु र पर्यावरण रक्षकहरुलाई विशेष ध्यान दिइयो।

गागाले भर्चुअल सामूहिक ज्ञान निर्माण र गहन चिन्तन कार्यक्रमहरुको आयोजना गर्यो, जसले हाम्रो बाह्य मूल्याङ्कन प्रक्रियामा योगदान पुर्याउनुका साथै भविष्यका लागि विचारहरु निर्माण गर्‍यो। यी छलफलहरुले गागाको '**महिलाहरुको नेतृत्वमा जलवायु कार्य**' कार्यक्रम (तल हेर्नुहोस्) र जलवायु न्यायमा महिला नेतृत्वमा केन्द्रित न्यूजलेटरको विकासलाई मार्गदर्शन गर्न मद्दत गर्यो। महिला वातावरण र विकास संगठन र फ्रेन्ड्स अफ द अर्थ इन्टरनेशनलसँगको सहकार्यमा, गागाले कोप २६ गठबन्धनद्वारा आयोजना गरिएको विश्वव्यापी भेला 'फ्रम द ग्राउन्ड अप' शीर्षकको एक सत्रको सह-आयोजना गर्‍यो। **'फेमिनिस्ट क्लाइमेट एक्सन: बिल्डिङ पावर एट एल लेभल'** भन्ने सत्रमा १५० भन्दा बढी व्यक्तिको सहभागिता थियो।

सन् २०१६ मा स्थापना भएको ग्लोबल एलायन्स फर ग्रीन एन्ड जेन्डर एक्शन (गागा) ले विश्वभरि महिला अधिकार, वातावरणीय तथा जलवायु न्याय आन्दोलनहरुको सामूहिक शक्तिलाई साथसहयोग प्रदान गर्दछ। गगाको दिर्घकालीन परिकल्पना एउटा यस्तो संसार हो जहाँ पानी, खाद्य सुरक्षा, र स्वच्छ, स्वस्थ तथा सुरक्षित वातावरणमा महिलाको अधिकारलाई मान्यता र सम्मान गरिन्छ।. यसको सहजीकरण फोंडो सेन्ट्रोअमेरिक्यानो डे मुजेरेस (एफसीएएम)ले मामा क्यास र बोथ एन्ड्सको सहकार्य गरेको छ । थप जानकारीका लागि हाम्रो वेबसाईट हेर्नुहोस्, हामीलाई ट्वीटरमा फलो गर्नुहोस् र हाम्रो न्यूजलेटर सब्सस्क्रायीब गर्नुहोस् ।

## स्थानीय र राष्ट्रिय स्तरमा महिला अधिकार र वातावरणीय न्यायप्रति सम्मानलाई बढावा

गागाका साझेदारहरूले उनीहरूको जीविकोपार्जन, खाद्य सुरक्षा र सुरक्षित खानेपानीमा पहुँच सुनिश्चित गर्न मात्र होइन तर आफ्नो भूमि र क्षेत्रमाथिको नियन्त्रणलाई कायम राख्न वा दाबी फिर्ता लिने माध्यमको रुपमा आफ्नो दिगो र समुदाय-आधारित अभ्यासहरूलाई सुदृढ गर्ने कार्यलाई निरन्तरता दिए । गागाद्वारा समर्थित स्थानीय तहका समूहहरूको पैरवी र वकालतका प्रयासहरु पुनर्स्थापना/पारिस्थितिक संरक्षण (जैविक विविधता सहित) ; दिगो कृषि; जलवायु परिवर्तन; र सशक्तिकरण र आर्थिक स्वायत्ततासहित अन्य मुद्दाहरूमा केन्द्रित रहेका थिए। ।

इन्डोनेसियामा, जियोथर्मल, जलविद्युत र वायु उर्जा परियोजनाहरूको विकास योजनाहरूमा प्रभावित हुने स्थानीय समुदायहरूसँग उचित परामर्श समावेश गरिएको छैन। सन् २०२० मा, गागाको साझेदार पार्टनर **अक्सी**ले **नवीकरणीय ऊर्जा परियोजनाहरूले कसरी नकारात्मक असर** पारेको छ भन्ने बारे ५० जना भन्दा बढी महिलाहरूको धारणा संकलन गर्दै, **फेमिनिस्ट पार्टीसिपेटरी एक्शन रिसर्चको** सञ्चालन गर्यो। यो अनुसन्धान सेभ गुनुङ स्लामेटसँग मिलेर सिड समितिमा अक्सीले पेश गरेको प्रतिवेदनको आधार बनेको थियो, जसबाट इन्डोनेसिया सरकारसँग प्रत्यक्ष सोधखोज कार्य हुन गयो । 'ऊर्जा परियोजना क्षेत्रका महिलाहरु बोल्नुहोस्', विषयक गोलमेच छलफल र वेबिनारमार्फत अक्सीले महिला र स्थानीय समुदायको योगदान, सहमति र नियन्त्रणमा आधारित प्रजातान्त्रिक र समावेशी रुपमा विकसित हुने **जन-केन्द्रित समाधान र विकल्पहरू**को आवश्यकतामाथि प्रकाश पार्यो।

पोर्ट हार्कोर्ट, नाइजेरियामा रहेको **केबेटकाचे महिला विकास र स्रोत केन्द्र र लोकियाका सामुदायिक विकास केन्द्र**ले नाइजर डेल्टामा तेल उत्खनन् र ग्यास फ्ल्यारिङ (तेल निकलने क्रममा बाहिर जाने ग्यासलाई कम्पनीहरूले आगो बल्दा हुने परिणाम) का सम्बन्धमा महिला र स्थानीय समुदायहरूले सामना गर्ने समस्याहरूको बारेमा जनचेतना जगाएका छन्। सन् २०१९ मा गागामार्फत उपलब्ध भएको लिङ्किङ र लर्निङ अनुदानले ती दुई संस्थाको कामको पूरकतालाई सुदृढ गर्न मद्दत गर्यो। सन् २०२० मा, केबेटकाचे ले लोलुमा र उमयूचेम समुदायका महिलाहरूलाई ग्यास फ्लेरिङ्गलाई 'हुन्न' भन्ने उनीहरुको अधिकारप्रति को चेतना र निर्णयकर्ताहरूलाई पहिचान गरी छलफल गर्ने उनीहरूको क्षमतालाई बलियो बनाउने काम गर्यो । समुदायका सदस्यहरु, नागरिक समाज संगठनहरु, र क्षेत्रीय परराष्ट्र मन्त्रालय र वातावरण मन्त्रालय र राष्ट्रिय अभिमुखीकरण एजेन्सीका प्रतिनिधिहरु सम्मिलित एउटा भेलाको आयोजना गरिएको थियो। भेलामा, रिभर्स राज्यको महिला मामिला मन्त्रालयले उठाइएका मुद्दाहरु, विशेषगरी ग्यास फ्लेरिङ र प्रदूषणबाट महिलाहरूमा पर्ने असरहरूमा थप ध्यान दिने प्रतिबद्धता जनायो ।

## अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमाथी दबाब कायम गर्ने

कोभिड-१९ द्वारा सिर्जना गरिएका अवरोधहरूको बावजुद गागाले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सामाजिक र वातावरणीय नीतिहरूको विकास, सुदृढीकरण र अनुगमनमा संलग्न हुने, प्रभाव पार्ने र योगदान दिने कार्यलाई जारी राख्यो। गागाका साझेदारहरु र सदस्यहरु अफ्रिकी विकास बैंक, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक, पुनर्निर्माण र विकासका लागि यूरोपीयन बैंक र अन्तरअमेरिकी विकास बैंकसँग काम गरे । उनीहरूले **परियोजना प्रस्तावहरूको तत्काल मूल्याङ्कनको आवस्यकताका** साथै **बैंकहरूको सामाजिक र वातावरणीय नीतिहरु पालना गर्न परियोजना कार्यान्वयनमा ध्यान केन्द्रित** गरे।

**इन्टरअमेरिकन एसोसिएसन फर इन्भायरमेन्टल डिफेन्स (एआइडिए) ले इन्टरअमेरिकन डेभलपमेन्ट बैंक (आइडीबी)** लाई ग्वाटेमालामा दुई ठूला जलविद्युत परियोजनाहरु, पोजोम दोस्रो र स्यान आन्द्रेसका सम्बन्धमा कदम चल्न दबाब दिने कार्यलाई जारी राख्यो, किनभने ती परियोजनाले अन्य नीतिहरूका अतिरिक्त लैङ्गिक समानतासम्बन्धी बैंकको कार्यसञ्चालन नीतिको उल्लङ्घन गर्दथ्यहो। यद्यपि एआइडिएले महामारीको कारणले आधिकारिक आइडीबी -सम्बन्धित कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा भाग लिन र संलग्न हुन असमर्थ भए पनि, समूहले जागरूकता बढाउन, अवस्थाको निन्दा गर्न र सबैभन्दा महत्त्वपूर्ण कुरा आयोजनाबाट अधिकार हनन भएको स्थानीय **लेक्कुइसिस महिलाहरू र उनीहरूका समुदायहरूसँग निरन्तर सम्पर्क र ऐक्यबद्धता** सुनिश्चित गर्ने कार्य जारी राख्यो। । एआइडिएले विभिन्न भर्चुअल स्पेसहरु र अनलाइन याचिका तथा सञ्चार अभियानको आयोजना गरी परियोजनाहरूको परिणामबारे जागरूकता बढाउँदै लेक्कुइसिस समुदायहरूका लागि समर्थन निर्माण गर्ने काम क्षेत्रगत रुपमा गर्यो ।



फोटो : WoMin African Alliance

## हरित जलवायु कोषसंगको संलग्नता

गागाका साझेदारहरुले **राष्ट्रिय हरित जलवायु कोष (जिसिएफ) निर्णय प्रक्रियाहरुमा** संलग्न हुन जनचेतना जगाउन र स्थानीय तहका समूहहरुलाई परिचालन गर्न सिकाइ सत्रहरु र क्षमता निर्माण तालिमहरु सञ्चालन गर्ने कार्य जारी राखेका छन्। गागाले इन्डोनेसिया, मंगोलिया, नेपाल र तान्जानियाका महिला अधिकार संगठनहरुलाई उनीहरुको **जिसिएफ राष्ट्रियरुपमा तोकिएको निकाय (एन्डीए) सँग नीति संवादमा** सहभागी हुन ; राष्ट्रिय निर्णय प्रक्रियाहरुमा उनीहरुको संलग्नता बढाउन सहयोग गर्यो । यसमा परियोजनाहरुको कार्यान्वयनको लागि लैङ्गिक विशेषज्ञता प्रदान गर्ने र सरकार/एनडीएसँग संलग्न हुन औपचारिक माध्यमहरुको प्रयोग गर्ने ; र आफ्नो देशमा चालु वा भावी जिसिएफ परियोजनाहरुको अनुगमन लगायतका कार्यहरु समावेश छन् ।

अन्य पक्ष्यहरुसँग मिलेर गागाले अन्तर्राष्ट्रिय जिसिएफ निर्णय प्रक्रियाहरुमा साझेदारहरुको माग र आवश्यकताहरु केन्द्रित गर्ने कार्यलाई जारी राख्यो, र स्थानीय पहुँच, लैङ्गिक जवाफदेहिता र समावेशी निर्णय प्रक्रियालाई बढावा दियो। सन् २०२० को बोर्ड बैठकहरुमा हामीले विभिन्न अनुदान प्रस्तावहरुको **लैङ्गिक कार्य योजना र लैङ्गिक मूल्याङ्कनमा सुधार गर्न** वकालत गर्यौं र यी स्थानहरुमा विभिन्न क्षेत्र र समुदायका महिलाहरुको प्रत्यक्ष सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्‍यौं। उदाहरणका लागि, **क्लाइमेट वाच थाइल्यान्डका** जिसिएफ क्षेत्रीय लैङ्गिक अनुगमनकर्ता वानुन पर्म्पिबुलले जिसिएफ बोर्ड बैठकमा सहभागी भई नागरिक समाज संस्थाहरु को सक्रिय पर्यवेक्षक टोलीमा निर्वाचित भए। यसैबीच, गागालगायत नागरिक समाज संस्थाहरु को ठूलो समूहको सामूहिक वकालतले कोइला योजना विकासकर्ताहरुलाई विश्वको तेस्रो ठूलो ऋणदाताका रुपमा रहेको सुमितोमो मित्सुई बैंकिङ कर्पोरेशन (एसएमबीसि) लाई जिसिएफ एजेन्डाबाट अस्थायी रुपमा फिर्ता हुन प्रेरित गर्यौं । जिसिएफ़का लक्ष्य र उद्देश्यहरु, र पेरिस सम्झौतासँग मेल नखाने आफ्नो आवेदन र उर्जा लगानी नीतिमा सुधार ल्याउन त्यस्तो गर्नुपरेको थियो ।



फोटो : Sabokahan Unity of Lumad Women

## अझ राम्रो आर्थिक सहयोगका लागि आधार खडा गर्दै

रणनीतिक सहयोगी संस्था ग्लोबल ग्रीनग्रान्ट्स फन्ड र प्रोस्पेरा–महिला कोषका लागि अन्तर्राष्ट्रिय नेटवर्कसँग मिलेर गागाले वातावरणीय र जलवायु कार्यको नेतृत्व गरिरहेका स्थानीय महिला नेतृत्वको आन्दोलनका लागि समावेशी, उत्थानशील, महिलावादी, र समुदाय-संचालित स्रोतहरुका लागि **सरकारी दाताहरु र परोपकारी समुदायहरुबीच चासो र गतिलाई** बलियो बनाउन काम गर्यो । गागालाई आफ्नो काम र नतिजाहरुबारे बताउन जलवायु वित्त र खाद्य प्रणाली तथा वातावरण विभागहरु सहित ग्लोबल अफेयर्स क्यानाडामा र बेलायतको राष्ट्रमंडल र विकास कार्यालयमा भेटघाटका लागि आमन्त्रित गरिएको थियो।

ग्लोबल ग्रीनग्रान्ट्स फन्ड र प्रोस्पेराले निजी फाउन्डेसनहरुको समूह **फन्डर लर्निङ कम्युनिटी फर वुमन एण्ड द इन्भायरमेन्ट** (एफएलसी) सँग आफ्नो सहकार्यलाई जारी राखे । एफएलसीको एक मूल्याङ्कनले ८२ प्रतिशत उत्तरदाताहरु जलवायु परिवर्तन र अन्य वातावरणीय समस्याहरु विरुद्ध लड्न महिलाहरुले कसरी महत्वपूर्ण पहलहरु नेतृत्व गरिरहेका छन् भनेर उनीहरुले सिकेका, र विगत दुई वर्षमा समेटिएका बहुसंख्यक विषयहरुमा उनीहरुको ज्ञान 'धेरै हदसम्म' परिवर्तन/बृद्धि भएको कुरामा उनीहरु सहमत भएको देखायो ।

गागाका साझेदार र सदस्यहरुले पनि सन् २०२० मा महिला-नेतृत्व, लैङ्गिक-उत्तरदायी वातावरणीय र जलवायु कार्यको लागि समर्थन प्रदान गर्न दाताहरुलाई सफलतापूर्वक प्रभाव पारे।

- सन् २०२० मा, **५३ प्रतिशत गागाका साझेदारहरुले उनीहरुले नयाँ दाताहरुबाट आर्थिक सहयोग प्राप्त गरेको** उल्लेख गरे, जसमा कम्तिमा १९ लाख युरो थप भएको छ । [1] यद्यपि, नयाँ दाताहरुको बृद्धि सकारात्मक भए पनि, यहाँ उल्लेख गर्नु के महत्वपूर्ण छ भने कुल रकम अघिल्लो वर्षहरुको तुलनामा कम हो ।
- **डच विदेश मन्त्रालयले गागालाई आफ्नो** सन् २०२१ -२०२५ पावर अफ भोइसेस नीति अन्तर्गत **रणनीतिक साझेदारको** रुपमा चयन गरेको छ। गगाको ‘वुमन लिडिङ क्लाइमेट एक्सन’ कार्यक्रमलाई ३४ मिलियन युरो प्रदान गरिएको थियो।
- आफ्नो नयाँ उत्थानशील महिला र प्राकृतिक स्रोत प्लस फन्ड अन्तर्गत फोर्ड फाउन्डेसनले गागालाई एक लाख अमेरिकी डलर अनुदान प्रदान गर्‍यो । यो रकम महिला अधिकारको, वातावरणीय र जलवायु न्यायको क्षेत्रमा काम गर्ने दक्षिणी विश्वका **समुदायमा आधारित महिला-नेतृत्व समूह, सामूहिक अभियान र संगठनहरुको नक्सांकन**को नेतृत्व गर्नका लागि थियो । नक्सांकनले **महिला र बालिका बातावरण र/वा भूमि र क्षेत्र रक्षकहरुले सामना गरेको संरचनात्मक हिंसा**का विभिन्न प्रकार/रुपहरु र उनीहरुले त्यसलाई कसरी सामना गरिरहेका छन् भन्ने बारेमा हेर्छ।

[1] यसमा गागा अलायन्स सदस्यहरु एफसीएएम, बोथ एन्ड्स र ममा क्याशले प्राप्त गरेको नयाँ आर्थिक सहायो समावेश छैन

## अन्तर-आन्दोलन सहकार्य र गठबन्धन-निर्माण

कोभिड-१९ संकटको सन्दर्भमा, गागाको अद्वितीय अन्तर-आन्दोलन सहकार्यको सबलता धेरै तरिकाले प्रकट हुन गयो। हामीले समर्थन गरेका स्थानीय आन्दोलनहरूको वास्तविकता र आवश्यकताहरूको बारेमा हामीले तुरुन्तै धेरै सिक्यौं र तदनुसार योजनाहरू समायोजन गर्न आवश्यक देख्यौं। मे महिनामा गागाले **स्वायत्तता र उत्थानशिलता कोष** (एआरएफ) सुरु गर्‍यो, जुन **उत्थानशिलता र स्वायत्तताका सिद्धान्तहरूमा आधारित समुदाय-संचालित प्रणालीहरू**को सुदृढीकरणको माध्यमबाट महिला वातावरण रक्षकहरू र तिनीहरूका समुदायहरूको तत्काल आवश्यकताहरूलाई सम्बोधन गर्ने उद्देश्यले सन्चालित समानता, एकता, र मानिसहरू र प्रकृतिको लागि सामूहिक हेरचाहको अस्थायी पहल थियो। गागाका सञ्जालको संरचना, विशेषगरी यसले प्रदान गर्ने सम्बन्ध र विश्वास एआरएफको सफलताको लागि महत्त्वपूर्ण साबित भयो। केवल छ हप्तामा, गागाले कुल २११ वटा आवेदनहरू प्राप्त गर्यो, जसमा १९३ महिला-नेतृत्वमा आधारित समुदायमा आधारित संस्थाहरू र १८ गागाका गैसस साझेदारहरूबाट समावेश छन्। तीन महिनाको अवधिमा, गागाले **विश्वभरिका २१ वटा देशका ४१ वटा स्थानीय समूहहरूलाई २१४,१०८ युरो र सात वटा एनजीओहरूलाई ४०,२९२ युरो** अनुदान प्रदान गर्यो।

अनुदान दिने प्रक्रियाको समापन पछि गागाले संकटको समयमा महिला वातावरण रक्षकहरू र उनीहरूका समुदायहरूको अनुभव, दृष्टिकोण र आवश्यकताहरू बारे जान्न र बुझ्नको लागि एआरएफको अध्ययन गरायो। स्वायत्तता र उत्थानशिलता कोष: डरलाई आशामा रुपान्तरण बिषयक प्रतिवेदनले छोटो र दीर्घकालीन दुवैमा लैङ्गिक, वातावरणीय र जलवायु न्याय कार्यका लागि समावेशी, उत्थानशिल, नारीवादी, र समुदाय-संचालित आर्थिक सहयोगबारे महत्वपूर्ण छलफलमा योगदान पुर्‍याउँछ।

## गागा नेटवर्कबाट आवाजहरू

सन् २०२० मा डच विदेश मामिला मन्त्रालयसंग गागाको सहकार्यको मुख्य विशेषताहरुमा **महिला, समावेशीकरण र पर्यावरण गोलमेच बैठक**को सह-आयोजन समावेश थियो, जसले पर्यावरण र जलवायु नीति निर्माणमा काम गर्ने क्यानाडाली, डच, जर्मन, स्विस र बेलायती सरकारहरुका र अमेरिका र युरोपका निजी फाउन्डेसनहरूका ४० जना प्रतिनिधिहरुलाई एकै ठाउँमा ल्यायो। गोलमेच बैठकको आयोजना मन्त्रालयको समावेशी हरित बृद्धि विभागसँगको सहकार्यमा गरिएको थियो र त्यसले पाँच वटा सरकारी दाताहरूक सान्दर्भिक नीति, संयन्त्र, साधन र वित्त पोषण मध्यममा सन् २०१९ मा गरिएको हाम्रो नक्सांकनको मुख्य निष्कर्षहरुमा आधारित समकक्षी आदानप्रदान र सिकाइलाई सहजीकरण गरेको थियो। मन्त्रालयको **कोभिड-१९ संकट कोष स्थानीय मानिस र समुदायहरू,** विशेषगरी महिला, आदिवासी जनजाति, ग्रामीण र तटीय किसानहरू, र माछा मार्ने समुदायहरुसम्म विद्यमान नविन सहायता संयन्त्रहरुमार्फत **पुगेको सुनिश्चित गर्न** पनि गागाले वकालत गर्यो।

## डच विदेश मामिला मन्त्रालयसंग सहका

सन् २०२० मा डच विदेश मामिला मन्त्रालयसंग गागाको सहकार्यको मुख्य विशेषताहरुमा **महिला, समावेशीकरण र पर्यावरण गोलमेच बैठक**को सह-आयोजन समावेश थियो, जसले पर्यावरण र जलवायु नीति निर्माणमा काम गर्ने क्यानाडाली, डच, जर्मन, स्विस र बेलायती सरकारहरुका र अमेरिका र युरोपका निजी फाउन्डेसनहरूका ४० जना प्रतिनिधिहरुलाई एकै ठाउँमा ल्यायो। गोलमेच बैठकको आयोजना मन्त्रालयको समावेशी हरित बृद्धि विभागसँगको सहकार्यमा गरिएको थियो र त्यसले पाँच वटा सरकारी दाताहरूक सान्दर्भिक नीति, संयन्त्र, साधन र वित्त पोषण मध्यममा सन् २०१९ मा गरिएको हाम्रो नक्सांकनको मुख्य निष्कर्षहरुमा आधारित समकक्षी आदानप्रदान र सिकाइलाई सहजीकरण गरेको थियो। मन्त्रालयको **कोभिड-१९ संकट कोष स्थानीय मानिस र समुदायहरू,** विशेषगरी महिला, आदिवासी जनजाति, ग्रामीण र तटीय किसानहरू, र माछा मार्ने समुदायहरुसम्म विद्यमान नविन सहायता संयन्त्रहरुमार्फत **पुगेको सुनिश्चित गर्न** पनि गागाले वकालत गर्यो।

## गागाको पांच बर्षीय अनुभवका पाठहरु

सन् २०१६ देखि गागाले मुख्यतया महिला र वातावरणीय न्याय कोष मार्फत **महिला अधिकार र वातावरणीय न्यायमा काम गर्ने सामुदायिक तहका समूहहरूलाई १५१८ अनुदानमार्फत १ करोड २४ हजार युरो** उपलब्ध गराएको छ। हाम्रो पहिलो पञ्चवर्षीय कार्यक्रमको अन्तिम बाह्य मूल्याङ्कनले हामीले हाम्रा पाँच वर्षे लक्ष्यहरू प्राप्त गर्ने दिशामा महत्वपूर्ण प्रगति गरेका छौं भन्ने निष्कर्ष निकालेको छ।

विगतका वर्षहरूमा हाम्रो अनुभवले **महिला अधिकार, वातावरणीय र जलवायु न्याय आन्दोलनहरू एकसाथ ल्याउने** र **वातावरणीय तथा जलवायु कार्यमा महिलाको नेतृत्वमा रहेका समुदायमा आधारित संस्थाहरूको ज्ञान र अनुभवलाई केन्द्रित गर्ने** कार्यको महत्त्वलाई स्पष्ट पारेको छ।

आफ्नो तमाम विविधताका बीच महिलाहरूले अहिले र भविष्यमा सामना गरिरहेको वातावरणीय ह्रास र नकारात्मक जलवायु प्रभावहरूलाई सम्बोधन गर्न साहसी, रचनात्मक र सम्पूर्ण समाधानहरूलाई अगाडि बढाईरहेका छन्। तथापि यसबाट उनीहरूको वास्तविक अवस्था र उनीहरूको समुदायलाई सकारात्मक रुपमा रुपान्तरण पनि भैरहेको छ। हामीले गागाको यी पहिलो पाँच वर्षहरूलाई समापन गर्दा, हामीले सँगै हासिल गरेका कुराहरूमा गर्व गर्न सक्छौं र संजाल बढ्दै र विस्तार भएको हेर्नको लागि तत्पर छौं।

fcam Fondo Centroamericano de Mujeres

mama cash

Both ENDS Connecting people for change